# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## गणतन्त्र दिवस, २०८३ को शुभकामना सन्देश

विभिन्न कालखण्डका ऐतिहासिक जनआन्दोलन र त्यागको जगमा मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको ऐतिहासिक दिनको सम्झनामा आज हामी १९औं गणतन्त्र दिवस मनाइरहेका छौं। यस गौरवपूर्ण अवसरमा बागमती प्रदेश, देश तथा विदेसमा रहनुभएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

आजको यस ऐतिहासिक दिनमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु। साथै, परिवर्तनका आन्दोलनहरुमा होमिएर घाईते हुनुभएका तथा बेपत्ता भएकाहरुको योगदानको स्मरण गर्दै उच्च आदरभाव प्रकट गर्दछु।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा मुलुकको राष्ट्रिय एकता, भौगोलिक अखण्डता र स्वाधिनतालाई अक्षुण्ण राख्दै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नु हामी सबैको साझा दायित्त्व हो। शासन प्रणालीमा आम नागरिकको सहज पहुँच र राज्यबाट प्राप्त हुने प्रतिफलको समन्यायिक वितरणले नै गणतन्त्रलाई थप संस्थागत र सुदृढ बनाउन सक्दछ।

अन्तमा, यस ऐतिहासिक दिवसले हामी सबैलाई आपसी सद्भाव, भ्रातृत्व र एकताको सुत्रमा बाँध्ने थप उर्जा र प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

**२०८३ साल जेठ १५ गते, शुक्रबार**
**ने.सं. ११४६ अनलाथ्व: त्रयोदशी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**